दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३३७ | बुटवल | २०८१ मंसिर २९, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Dec. 14, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# जितगढीको थप विकास र प्रचार खाँचो : मह जोडी




बुटवल । चर्चित हास्य कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह) सहित हास्य विधाका एक दर्जन कलाकारहरुले बुटवलको ऐतिहासिक जितगढी किल्ला अवलोकन गरेका छन् । शनिबार (आज) बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजना हुन लागेको मह जात्रा प्रहसनका लागि बुटवल आएका कलाकारहरुलाई बुटवल उप-महानगरपालिकाले शुक्रबार जितगढी किल्ला अवलोकन गराएको हो । सो अवसरमा मह जोडीले जितगढी युद्धमा नेपाली फौजले अंग्रेज फौजलाई पराजित गरेकै कारण देश (नेपाल) स्वतन्त्र राष्ट्रका रुपमा जोगिएको भन्दै यति महत्वपूर्ण सम्पदाको थप विकास र अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न सरकारको ध्यान जानुपर्नेमा जोड दिए । त्यस अवसरमा उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले कलाकारहरुलाई स्वागत गर्दै जितगढीको ऐतिहासिक पक्षबारे जानकारी गराएका थिए । *तस्विर : टिआर शर्मा*

## गोलिकाण्डमा संलग्न आरोपमा तीन जना पक्राऊ



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीको सुस्तामा भएको गोलीकाण्डमा संलग्न रहेको आशंकामा तीन जना पक्राउ परेका छन् ।

हिजो साँझ ६ बजेतिर सुस्ता गाउँपालिका वडा नम्बर २ मुसहर टोल बस्ने २३ वर्षीय रोहन महतोको गोलिहानी हत्या गरेको आशंकामा प्रहरीले ३ जनालाइ पक्राउ गरेको हो ।

हत्यामा संलग्न रहेको भन्दै प्रहरीले सुस्ता दुई महलबारी बस्ने वर्ष २२ का विशाल मुसहर, सोही स्थानका वर्ष २१ का मोहन थारु र वर्ष १८ का साहिल थारुलाई नियन्त्रणमा लिएको हो ।

उनीहरू साथीभाइ रहेको र सामान्य आवेगमा घरमै बनेको बन्दुक प्रयोग गरी गोली हानेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिएको छ ।

वेल्डिङ गर्ने काम गर्दै आएका उनीहरूले आफैंले फलाम स्पिड तथा रबर प्रयोग गरी पेस्तोल बनाएका थिए । सोही पेस्तोल लोड गरेर आएका उनीहरूले सामान्य विवादमा महतोमाथि गोली प्रहार गरी भागेको बताइएको छ ।

उनीहरूको साथबाट प्रहरीले स्थानिय रुपमा उत्पादन गरिएको पेस्तोल एक थान, २८ थान छर्रा, १२ वटा सलाई, तीन थान छर्रा राख्ने फ्रेम बरामद गरेको छ । पेस्तोल बनाउन आवश्यक सामग्रीहरु सिमावर्ती भारतीय बजारबाट खरिद गरी ल्याएको पाइएको छ । उनीहरुमाथि ज्यानसम्बन्धी तथा हातहतियार खरखजना कसुरमा मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रमुख प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयालले जानकारी दिए ।

## एमाले जग्गादानको मुद्दा 'अन्तिम सुनुवाइ' मा




बुटवल । व्यवसायी मिनबहादुर गुरुङले एमाले मुख्यालय बनाउन दिएको जग्गादानसम्बन्धी विवाद सर्वोच्च अदालतले निरन्तर सुनुवाइ गरी टुंग्याउने भएको छ । यसअघि जारी भएको अल्पकालिन अन्तरिम आदेशले निरन्तरता पाउने वा नपर्ने भन्नेबारेको छलफलमा शुरु भएको सुनुवाइ मुद्दा टुंग्याउने गरी अघि बढेको हो ।

दुवै पक्षको लिखित जवाफ आइसकेको भन्दै न्यायाधीशहरू अब्दुल अजीज मुसलमान र बालकृष्ण ढकालको इजलासले मुद्दाको अन्तिम सुनुवाई नै गर्ने आदेश गरेको हो । दुवै पक्षका कानून व्यवसायीहरूले बहस गर्नुपर्ने भएकाले शुक्रबार सुनुवाइ टुंगिन सकेन । सर्वोच्च अदालतले मुद्दालाई हेर्दाहेर्दैमा राख्दै सोमबार निरन्तर सुनुवाइ गर्ने आदेश गरेको हो ।

गुरुङले दशैंको फुलपातीका दिन एमालेको केन्द्रिय कार्यालय बनाउन जग्गादानको घोषणा गरेका थिए । घोषणा अनुसार, उनले एक वर्षभित्र आफैले तीनवटा भवन बनाएर एमालेलाई जग्गा र भवन हस्तान्तरण गर्नेछन् ।

भाटभटेनीले एमालेलाई जग्गादान गरेको विषयमा प्रश्न उठाइ दायर भएको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाईपछि सर्वोच्च अदालतले १२ कार्तिकमा अल्पकालिन अन्तरिम आदेश जारी गरेको थियो ।

त्यही अन्तरिम आदेशले निरन्तरता पाउने कि नपाउने भन्नेवारे अन्तरिम आदेशका लागि बहस हुन सुनुवाइको पेशी तोकिएको थियो । तर मुद्दाको सबै प्रक्रिया पुरा भइसकेको भन्दै इजलासले अन्तिम सुनुवाइ अघि बढाउने आदेश गरेको हो ।

## पीपीपी मोडेलबाट लगानी जुटाउन सकिन्छः मुख्यमन्त्री आचार्य



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको विकास र समृद्धिको चाहना पूरा गर्न सार्वजनिक- निजी साझेदारी (पीपीपी) मोडेलबाट लगानी जुटाउन सकिने बताएका छन् । लगानी बोर्ड र प्रदेश सरकारको संयुक्त आयोजनामा बुटवलमा शुक्रबार गरिएको सार्वजनिक निजी साझेदारीसम्बन्धी प्रादेशिक छलफल कार्यक्रमलाई सम्वोधन गर्दै मुख्यमन्त्री आचार्यले समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेशको संकल्प पुरा गर्न सार्वजनिक, निजी र साझेदारी मोडेलबाट लगानी जुटाउन सकिने बताएका हुन् ।

'सरकारको एक्लो प्रयासले मात्रै लगानी गर्ने अवस्था छैन । यसमा सार्वजनिक, निजीसाझेदारी मोडेलबाट लगानी जुटाउन सकिन्छ,' उनले भने-'सरकारले लगानीमैत्री वातावरण बनाउछ । लगानी जुटाउन लगानी बोर्डले भूमिका बढाउनुपर्छ ।'

प्रदेश सरकारले कृषि, पर्यटन, उद्योग तथा पूर्वाधार क्षेत्रलाई प्राथमिकतामा राखेर योजनाहरु अघि बढाएको छ । यि योजनाहरुलाई कार्यान्वयन गर्न चाहिने लगानी जुटाउन लगानी बोर्डको भूमिका बढाउन जरुरी रहेको भनाइ मुख्यमन्त्री आचार्यको छ ।

प्रदेश सरकारले लगानीमैत्री वातावरण बनाउने र लगानी भित्र्याउन बोर्डले भूमिका बढाउनुपर्नेमा उनले जोड दिए । 'लगानीकर्ताहरुलाई लगानी गर्न आइपरेका कानुनी जटिलता फुकाउन प्रदेश सरकार प्रतिबद्ध छ ।

हामिले बनाएका ऐन, कानुनहरु लगानीमैत्री छैनन् भने त्यसलाई सुधार गरेर प्रदेश सरकार अघि बढ्न चाहेको छ । लगानीकर्ताको आकर्षणलाई सुनिश्चित गर्न लगानी वोर्डको भूमिका महत्वपूर्ण हुनेगछ,' उनले भने -'यही भूमिका प्रदेश सरकारले खोजेको छ ।'

पछिल्लो पटक लुम्बिनी प्रदेशमा लगानीगर्न दातृ निकायको आकर्षण बढ्दै गएको छ । यो आकर्षणलाई सुनिश्चित गर्न लगानी बोर्डको प्रभावकारी भूमिका प्रदेश सरकारले खोजेको मुख्यमन्त्री आचार्यले बताए ।

'सरकारको एक्लो प्रयासले मात्रै विकास र समृद्धिको चाहना पुरा गर्न सकिँदैन । त्यसकालागि निजी क्षेत्रलाई आकर्षित गर्न जरुरी छ । प्रदेश सरकार निजी क्षेत्रको लगानीको संरक्षण गर्न प्रतिबद्ध छ,' मुख्यमन्त्री आचार्यले भने-'लगानीमैत्री वातावरण बनाउन प्रदेश सरकारले कोशिस गरिरहेको छ ।'

प्रदेश सरकार लगानीकर्तासँग साझेदारी गरेर विकास र समृद्धिको अभियानलाई सफल बनाउन चाहेको जानकारी दिँदै मुख्यमन्त्री आचार्यले लगानी र परियोजनाको निर्णय गर्ने अधिकार सम्बन्धित तहलाई दिँदा उपयुक्त हुने बताए ।

लगानी बोर्डका कार्यकारी अधिकृत सुशील ज्ञवालीको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सार्वजनीक निजी साझेदारीको अवधारणा, प्रदेश तथा स्थानीय तहको लागि नीतिगत तथा कानुनी प्रवन्ध, सार्वजनिक निजी साझेदारी परियोजनाको विकास प्रक्रिया, सार्वजनिक निजी साझेदारीमा लगानी मोडालिटी, प्रदेश तथा स्थानीयस्तरमा सार्वजनिक निजी साझेदारी अनुकुल लगानीको वातावरण निर्माण बारे छलफल भएको थियो ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ मंसिर २९, गते शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

अँध्यारोको अन्त्य आखिर दिनबाटै सुरु हुन्छ
समाधानको सुत्र पनि त कठिनबाटै सुरु हुन्छ
उडेँ क्षितिजमा भन्दैमा यो धर्तीलाई नथुक्नुस्
प्रत्येक उडानको आरम्भ जमिनबाटै सुरु हुन्छ

– रुद्र ज्ञवाली

लेख

# थारू र राज्य: प्रजातन्त्र, राज्य निर्माण र जनजाति पहिचान–१

**अर्जुन गुनरत्ने**

(हाल संरा अमेरिकामा अध्यापनरत गुनरत्ने श्रीलंकाका मानवशास्त्री हुन् । उनले नेपालको थारुजातिबारे अनुसन्धान गरेका छन् । उनको किताब 'मेनी टङ्ग्स, वान पिपुलः द मेकिङ आफ थारु आइडेन्टिटी इन नेपाल'(धेरै जिब्रा, एकै मान्छेः नेपालमा थारु जातिको पहिचान निर्माण) नेपाली समाज विज्ञानको चर्चित पुस्तक हो । गुनरत्नेको यो लेख २०६१ फागुनमा सोसल साइन्स बहाःले आयोजना गरेको सम्मेलनमा प्रस्तुत कार्यपत्र हो । २०६२ मा बहाःले सम्मेलनमा प्रस्तुत गरिएका केही कार्यपत्रहरू 'मधेशः समस्या र समाधान' पुस्तक प्रकाशन गऱ्यो । यो लेख त्यही पुस्तकबाट साभार गरिएको हो ।)

थारूहरूको अध्ययन गर्न पहिलोपटक नेपाल आएका बेला मैले काठमाडौँको शक्तिकेन्द्रसँग निकट रहेका उच्च ओहोदाका एक जना नेपाली अधिकारीसँग भेट गरेको थिएँ। केही बेर कुराकानी गरेपछि उनले मलाई तपाईंको योजना के छ भनेर सोधे। मैले थारूहरूको अध्ययन गर्ने योजना बनाएको छु भनेँ । उनले उपदेश दिने पारामा 'ए, ती भारतीयहरू' भन्ने खालको टिप्पणी गरे। यो सम्मेलनको विषयले मलाई त्यही पुरानो टिप्पणीको सम्झना दिलायो, किनभने त्यो टिप्पणीभित्र राष्ट्र निर्माण, राष्ट्रिय पहिचानको निर्माण र प्रजातान्त्रिक सहभागितासम्बन्धी समस्याहरू लुकेका छन् जसलाई यस सम्मेलनले बाहिर ल्याउने अपेक्षा छ ।

थारू र राज्यबीचको सम्बन्धलाई हेर्नका लागि मैले ऐतिहासिक र तुलनात्मक दृष्टिकोण अपनाएको छु । मेरो तर्क के छ भने राणाशासन कालपछिको नेपालले राष्ट्रिय सम्मिलनको जुन नीति अपनाएको थियो त्यसले गर्दा एकातिर थारूहरूमा नेपाली भावना सिर्जना भयो भने अर्कातिर उनीहरूमा जातीय पहिचानको भावना बढायो । त्यसबाट अझ स्पष्ट रूपमा उनीहरूको अलग जातीय पहिचान राजनैतिक रूपले झन् महत्त्वपूर्ण बन्न पुग्यो । थारूहरूका बारेमा एउटा महत्त्वपूर्ण कुरा के छ भने उनीहरू आफूलाई भारतबाट बसाइँ सरेर आएको वा बसाइँ सरेर आएका मानिसहरूको सन्तति हौं भन्ने कुरा मान्दैनन् । अठारौं शताब्दीमा नेपाल राज्यको निर्माणसँगै थारूहरू नेपाल राज्यसँग विशेष रूपले सम्बन्धित रहेका छन् र उनीहरूका मुख्य बसोबासका क्षेत्रहरू नेपालको एकीकरणसँगै नेपालको सीमाभित्र परेका छन् । आजभोलि थारूहरू पहाडबाट झरेका उच्च जातिका मानिसहरूले उनीहरूको जीवनमा प्रभाव पारेको कुरालाई राम्रो नमान्लान्। तर उनीहरू आफूलाई अरूभन्दा कम नेपाली पनि ठान्दैनन् । बूढापाकाहरूले (चितवनका चाहिँ) नेपाल भन्नाले काठमाडौँ बुझ्थे र उनीहरूमा नेपाल राष्ट्र-राज्य हो भन्ने धारणा थिएन । तर यस्ता सोचाइ राख्ने बूढापाकाहरू अब थोरै छन् र तिनको संख्या बर्सेनि घट्दै छ ।

**थारू**

२०५८ सालको जनगणनाअनुसार नेपालमा १५ लाखभन्दा बढी थारूहरू छन् । नेपालसँग सीमा जोडिएका भारतीय भूभागमा थोरै संख्यामा थारूहरू बस्छन् । थारू भनेर चिनिए पनि भिन्नभिन्न ठाउँमा बस्ने थारूहरूको भाषा र संस्कृतिमा ठूलो अन्तर पाइन्छ । विभिन्न ठाउँका थारू समुदायले बोल्ने भाषाहरू भारोपेली भाषा परिवारको उत्तर भारतीय हाँगासँग सम्बन्धित छन् । भिन्नभिन्न ठाउँका थारूहरू भेट हुँदा एकआपसमा हिन्दी वा नेपाली भाषामा कुराकानी गर्छन् । तराईका थारू वा अरू जातिका मानिसहरूले पनि अधिकांश हिन्दी र नेपाली भाषा बोल्छन् । बितेका पचास वर्षमा मधेसको उर्वर भूमिमा ठूलो संख्यामा पहाडियाहरू बसाइँ सरेपछि थारूहरूको जीवनमा ज्यादै ठूलो परिवर्तन आयो ।

तराईमा थारूहरूका कति समुदाय पाइन्छन् भनेर यकिन रूपमा कसैले भन्न सक्दैन । के चाहिँ भन्न सकिन्छ भने उनीहरूका कम्तीमा पनि पाँचओटा समुदायहरू छन् । सुदूर पश्चिमको नेपाल-भारत सीमाक्षेत्रमा राना थारूहरूको




बसोबास छ। उनीहरूभन्दा पूर्वपट्टि कठरिया र दङ्गौरा थारूहरू बसोबास गर्छन् । उनीहरूको पुरानो थलो दाङ उपत्यकाका भएकोले उनीहरूलाई दङ्गौरा थारू भनिएको हो । मध्यभागमा चितवन र नवलपरासीका थारूहरूको बसोबास छ । उनीहरूलाई कहिलेकाहीँ बाहिरियाहरूले चित्तौनिया भन्ने गर्छन् । उनीहरूभन्दा पूर्वपट्टि कोचिला थारूहरू छरिएर बसोबास गर्छन् । थारूहरूमध्ये कोचिलाहरूको संख्या सबैभन्दा बढी छ ।

थारूहरूको पुरानो थलो कहाँ हो भन्ने कुराको यकिन प्रमाण फेला परेको छैन। विभिन्न समुदायमा विभाजित सबै थारू एउटै पुर्खाका सन्तान हुन् भन्ने पनि कुनै प्रमाण पाइएको छैन । मैले अर्को प्रसङ्गमा के उल्लेख गरेको छु भने अरू ठाउँका मानिसहरूका दृष्टिमा औलो लाग्ने र खतरनाक नेपालको दक्षिणी सीमाक्षेत्रमा बस्ने मानिसहरूलाई थारू भनियो । विविध कारणवश शताब्दीयौंदेखि तराईमा बसाइँ सर्दै आएका अनेक मानिसहरू मिसिएर थारू जातिको उत्पत्ति भयो। यस जातिका मानिसले उत्तर भारतको मैदानी भागमा रहेका विशाल राज्यहरू र तिनका उत्तरपट्टि रहेका साना हिमाली राज्यहरूका बिचको मध्यवर्ती क्षेत्रमा बस्ने मानिसका रूपमा आफ्नो पहिचान बनाए ।

थारूहरू आफूलाई र अरूले पनि तराईका आदिवासी मान्छन् । पहिले यस भेगमा बडेबडे सालका रूखको घना जङ्गल थियो । यो क्षेत्र हिमालयबाट दक्षिण गङ्गातिर बगेका ठूला नदीहरूद्वारा सिँचित थियो । वर्षा याममा यी नदीहरूमा बाढी आउँथ्यो भने हिउँदमा पानी सुकेर एक माइलभन्दा फराकिला बगरहरू बन्थे । यस्तो भूबनोटका कारण मानिसहरूलाई एक भागबाट अर्को भागमा आवतजावत गर्न अप्ठेरो भएकाले तराईका विभिन्न थारू समुदायबिच अन्तरक्रिया हुँदैनथ्यो । यसले गर्दा यी समुदायहरू आधुनिक कालसम्म भाषिक र सांस्कृतिक रूपले छुट्टाछुट्टै थिए ।

२००७ सालअगाडि तराईमा थारूहरूबिना राज्यको कुनै पनि काम चल्दैनथ्यो। तर २००७ सालपछि राज्यलाई थारूको आवश्यकता परेन । औलोग्रस्त तराईमा थारूहरू मात्रै बाँच्न सक्थे ९यद्यपि तराई, विशेष गरी पूर्वी तराईमा ठूलो मात्रामा भारतीयहरू बसाइँ सरेका थिए । यसैले राज्यको कर सङ्कलन र श्रमका काममा उनीहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए । आधुनिक कालभन्दा अगाडि कृषि, वनजङ्गल, चरन क्षेत्रहरू र हात्ती समाएर बेच्ने काम पहाडी राज्यहरूका आम्दानीका स्रोत थिए । यी सम्पूर्ण काममा थारूहरूको भूमिका महत्त्वपूर्ण हुन्थ्यो । कृषि कार्यका लागि थारूहरूको संख्या पर्याप्त नभए पनि तराईको कृषि उनीहरूले नै धानेका थिए । स्थानीय धनी वर्गका थारूहरू राज्य र प्रजाबीच मध्यस्थकर्ता थिए । उनीहरू राज्यको कर उठाउने गर्थे, ससाना मुद्दामामिला हेर्थे र विविध प्रशासनिक कामहरू गर्थे। धेरै थारूहरू काठको व्यापार गर्थे। यो कुरा सिरहाका थारूहरूको वंशावलीमा उल्लेख छ । हात्तीको काम धेरैजसो थारूहरूले नै गर्थे । २००७ सालपछि हात्ती स्याहार गर्नेबाहेक अरू काममा थारूहरूको भूमिका रहेन । हात्तीको कारोबार अहिले पनि थारूहरूले नै गर्दै आएका छन् । कर प्रशासनमा कर्मचारीतन्त्रको प्रयोग हुन थालेपछि शक्तिको नजिक रहेका पहाडेहरूलाई फाइदा भयो तर यस व्यवस्थाले थारूहरूलाई पाखा लगायो । यसले थारूहरूको जातीय चिनारीको विकासमा ठूलो प्रभाव पायो ।

नेपालको एकीकरण हुनुअघि पहाडी क्षेत्रमा रहेका ससाना राज्यहरूबाट थारूहरूले प्रशस्त स्वायत्त अधिकार उपयोग गर्दै आएका थिए । पन्जियारले सङ्कलन गरी समालोचनासहित प्रकाशित गरेको लालमोहरहरूको सँगालोले राज्य र थारूहरूबीचको सम्बन्धको प्रकृति बुझ्न ठूलो सहयोग पुऱ्याउँछ । तीन सय वर्षजति पुराना यी कागजातहरूले पहाडी राज्यहरू तराईको जमिनबाट कर उठाउने काममा थारूहरूमाथि निर्भर रहेको र अन्य मामिलामा थारूहरू धेरै हदसम्म स्वायत्त रहेको कुरा देखाउँछन् । कर उठाउने संयन्त्रका रूपमा काम गर्ने धनी वर्गका थारूहरूले आफ्ना मालिकहरूबाट राजनैतिक सहयोग प्राप्त गरेका थिए भने अन्य मामलामा लगभग पूर्ण स्वायत्तता पनि पाएका थिए ।

धेरै कारणहरूले गर्दा थारूहरूमा बाहिरिया प्रभाव तुलनात्मक रूपले कम मात्र परेको थियो । औपनिवेशिक कालका समाज अवलोकनकर्ताहरूले थारूहरू बढी सङ्गठित र शक्तिशाली अरू समुदायसँग प्रतिस्पर्धा गर्नुका सट्टा पछि हट्थे भन्ने टिप्पणी गरेका थिए । औलोग्रस्त क्षेत्र हुनाले अरू मानिसहरू पनि अन्त कतै आश्रय नपाएपछि मात्रै तराईमा बसोबास गर्न आउँथे । मानिसहरू थारूहरूमा विशेष गुण हुन्छ भन्ने विश्वास गर्दथे जुन कुरा ब्रिटिस लेखकहरूले पनि उठाएका छन् । उदाहरणका लागि, ब्रिटिस मिसनरी नोल्सका अनुसार विवाह गर्ने उमेर काटेका थारू महिलाहरू बोक्सी हुन्छन् भन्ने कुरा विश्वास गरिन्थ्यो र उनीहरू कुनै अपरिचित वा बाहिरिया मानिसलाई जङ्गली जनावरमा बदल्न सक्छन् वा ज्वरो लगाएर बिस्तारै मार्न सक्छन् भन्ने विश्वास गरिन्थ्यो । उनका अनुसार थरुहट भन्नाले बोक्सीको देश भन्ने बुझिन्थ्यो । औलो उन्मूलन कार्यक्रम थालिनुअघि थारू र औलोका डरले चितवन र नयाँ मुलुकलगायत तराईका अन्य धेरै क्षेत्रमा मानिसहरू बसोबास गर्न डराउँथे । औलोको कम प्रकोप भएको पूर्वी तराईमा भने सरकारको प्रोत्साहनका कारण खेतीपातीका लागि जग्गाको खोजीमा रहेका मानिसहरू सीमापारबाट बसाइँ सरे । तर यी क्षेत्रहरूमा पनि ठूला जग्गावाला थारूहरू नै थिए ।

एकीकरणपश्चात् राज्यले कर सङ्कलन प्रणालीमा सुधार ल्याएपछि थारूहरूले उपभोग गर्दै आएको स्वायत्त अधिकार ह्रास हुन थाल्यो । थारूहरू निश्चित काम, कर्तव्य र अधिकार तोकिएको तहगत केन्द्रीय प्रशासन प्रणालीको प्रतिनिधि मात्र हुन पुगे । राणाशासनमा उनीहरूको यो अधिकार अझ खोसियो । राणाहरूको पतनपश्चात् राज्यले आधुनिक प्रशासन संयन्त्रहरूको विकास गरेपछि राज्यलाई थारूहरूको सेवा आवश्यक परेन । थारूहरू 'भुरे राजा' बाट राज्यका नोकर बन्न पुगे । (क्रमश...)

लेख

# बंगलादेशको सत्ता परिवर्तन, आन्दोलनको उभार कि भूराजनीतिक मञ्चन ?



**लक्ष्मण श्रेष्ठ**

(श्रेष्ठको यो लेख बंगलादेशको पछिल्लो राजनीतिको ऐतिहासिकता र आन्तर्यमा केन्द्रित छ । कात्तिकमा लेखिएको यो लेखमा संकेत गरेजस्तै बंगलादेशको राजनीतिक परिदृश्य देखापरिरहेका छन् । पाहुरको पाठकको लागि 'अनुशीलन अंक २'बाट साभार गरिएको छ ।)

करीब महिना दिनको आन्दोलनपछि १५ वर्षदेखि अनवरत शासन गरिरहेकी बंगलादेशकी प्रधानमन्त्री शेख हसिना सत्ता मात्र नभई देश नै त्याग्न बाध्य भएको घटना (५ अगस्ट २०२४/२०८१ साउन २१) ले स्वाभाविक रुपमा क्षेत्रीय रुपमा भए पनि तरंग सिर्जना गऱ्यो । नेपालीहरूमाझ पनि यो घटना चर्चाको विषय बन्यो, ढुंगा हानेको तलाउमा लहरहरू फैलिएसरी । यसको झण्डै एक वर्षअघि श्रीलंकामा यस्तै खाले जनप्रदर्शनपछि सामाजिक सञ्जाल र काठमाडौंको एकखाले राजनीतिक वृत्तले जसरी भनेको थियो, त्यसरी नै यसपटक पनि भनियो( नेपाल पनि छिट्टै बंगलादेश बन्छ । राजनीतिक दलहरूको अकर्मण्यताबाट वाक्क(दिक्क जनताले त्यसो भन्नु स्वाभाविक नै थियो तर केही पश्चगामी राजनीतिकर्मी र केही कहलिएका 'बुद्धिजीवि'ले पनि दोहोऱ्याउन थालेपछि यो विषयले थप बहस माग गर्छ । त्यो बहस केही प्रश्नहरूबाट शुरु हुन्छ- हामी बंगलादेशको पछिल्लो सत्ता परिवर्तनलाई कसरी बुझ्छौं ? बंगलादेशको राजनीतिलाई कसरी बुझ्छौं ? सामाजिक क्रान्ति र सत्ता परिवर्तनलाई पर्गेल्ने हाम्रा विधी के हुन् ? बंगलादेशको राजनीतिक उहापोहबारेको छलफलबाट हामीले निकाल्ने निष्कर्ष के हुन् ? यो लेख यिनै प्रश्नहरू वरिपरी केन्द्रित छ ।

बंगलादेशको पछिल्लो सत्ता परिवर्तनलाई नेपालमा मूलतः दुईवटा कोणबाट बुझ्ने गरिएको छ- नितान्त आन्तरिक कारणहरूको उपज र भूराजनीतिक मञ्चन । आन्तरिक कारणलाई जोड दिने विश्लेषकहरूको दृष्टिकोणमा बढ्दै गएको असमानता, बेरोजगारी, आर्थिक संकटका कारण यो राजनीतिक असन्तोष सिर्जना भएको हो जसको केन्द्रमा थियो, आरक्षण नीति । यो कोणका नेपाली विश्लेषकलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ( उदारवादी जसले शेख हसिनाको बहिर्गमन र मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकारको स्थापनाबाटै अर्थतन्त्र सुध्रिन थालेको तर्क गरिरहेका छन् । अर्कोथरी हुन्, पश्चगामी राजनीतिक शक्ति जसले बंगलादेशको विद्यार्थी आन्दोलन आरक्षणविरोधी आन्दोलन भएको तर्क गर्दै नेपालमा पनि आरक्षणको व्यवस्था अनावश्यक रहेको तर्क गर्छन् । बंगलादेशको आन्दोलनलाई नितान्त भूराजनीतिक मञ्चन ठान्नेहरूले शेख हसिना सरकार संयुक्त राज्य अमेरिका लगायत पश्चिमा शक्ति अनुकूल नरहेको र सेन्ट मरिन टापुमा अमेरिकी सैन्य चौकी राख्न नदिएका कारण आन्दोलन मच्चाइएको तर्क गर्छन् ।

यीमध्ये को सही हो ? सुन्दा उचित जस्तो लाग्ने यो प्रश्नले सिंगो बहसलाई भने साँघुरो बनाइदिन्छन् । कुनै पनि राजनीतिक घटना पानी उम्लिने जस्तो एकरेखीय गतिविधि (फेनोमेना) हुँदैन । धेरैथरी शक्ति, स्वार्थ समूहको भिन्दाभिन्दै कर्म र स्वार्थहरूले कुनै राजनीतिक घटना मञ्चन हुन्छ । अनेकौं अन्तरविरोधहरूको गठजोडबाट एउटा प्रमुख अन्तरविरोध सतहमा आउँछ । र, माओत्सेतुङले व्याख्या गरेझैं आन्तरिक अन्तरविरोध नै प्रमुख हुन्छ । तर, त्यो प्रमुख अन्तरविरोध मात्र एकल कारण भने अवश्य होइन ।

**जग नवउदारवाद**

बंगलादेशको सत्ता परिवर्तनमा त्यहाँको राजनीतिक(आर्थिक पक्ष नै प्रमुख भएता पनि यो आफैँमा सरल प्रक्रिया भने होइन । विकासशील देशहरू र खासगरी दक्षिण एशियामा उदाहरणीय बनेको बंगलादेशको आर्थिक वृद्धि र त्यसका परिणामका आंकडाले हामीलाई अर्थतन्त्र कसरी आन्दोलनको एउटा कारक बन्नपुग्यो भन्ने सोच्न बाध्य बनाउँछन् ।

पछिल्ला दुई दशकमा बंगलादेशको गरिबी दर आधाले घटेको थियो (World Bank Group, 2022), महिलाहरूको रोजगारी दर बढेको थियो (World Bank Group, 2019), सन् २०१९ देखि त प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन (जीडीपी)मा भारतलाई समेत उछिन्यो (World Bank Group, 2023) । तर, अर्कोतर्फ पछिल्लो दशकमा असमानता र बेरोजगारी पनि उच्च भयो । यस्तो किन भयो त ? यसको मुख्य कारण हो, बंगलादेशी अर्थतन्त्रको नवउदारवादी यात्रा । सन् १९७०को दशकमा शुरु भएको नवउदारवादको विश्वव्यापी विस्तार १९८० को दशकमा अमेरिकी राष्ट्रपति रोनल्ड रेगन र बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचरको जोडबलमा झनै बढ्यो ।

» बाँकी ३ पेजमा

कविता

## शासक सपनाको कैदबाट

**रामचन्द्र श्रेष्ठ**

मुक्त हुन चाहन्छु–
भव्य सपनाहरूको मायावी कैदबाट !
कटु यथार्थ नै
प्रिय लाग्छ मलाई ।
शायद–
भविष्य बाँच्दा बाँच्दै जिन्दगी
ऐठन परिरहेछ
प्राप्तिको बिहानीमा
ग्रहण लागेछ
तिमीले देखाएका सपनाहरू यति विघ्न सुन्दर बनिदिएछन् कि
मलाई पल-पल आज नै भारी परेछ ।

बोक्दा बोक्दै रहरहरू
थाहै भएनकति साह्रो कुप्री परेछु
अब त तिमीले संकेत गरेको
स्वर्णीम क्षितिज पनि विरानो लागिरहेछ,
चाहको सागर पनि त्यति गहिरो पनि नखन्नु पर्दोरहेछ कि–
आशाको सगरमाथा चुर्लुम्म डुबिजाओस् !
अब त
आगतको कल्पना पनि भयंकर भइरहेछ
आफ्नै इच्छा आफैलाई प्रेत पल्टिरहेछ ।

हो, तिमीले देखाएका सपनाहरू
तिमीले देखेका सपनाहरू
सुन्दर छन् साह्रै
ती सपनाहरूमा–
हिराको चमक र सुनको जलप छन्
मयुरको प्वाँख र डाँफेको कल्की छन्
सपनाको पनि सपनामा
तिमीले देखेको सपनाभरि
भानुभक्तीय लयको जंगी शैली छन्
तर मेरो आत्माभन्दा ती सबै पराई भएपछि
आफ्नै हृदयमा शूल जस्तै बिझाएपछि
के लाग्छ र !
नछोइने भविष्य भन्दा
छोइने वर्तमान प्यारो बनिदिंदो रहेछ ।

मुक्त हुन चाहन्छु–
भव्य सपनाहरूको मायावी कैदबाट !
कटु यथार्थ नै प्रिय लाग्छ मलाई ।

कविता

## मन

**सन्ध्या भण्डारी**

छोडुँला लड्न अक्षरहरूसँग
बिर्सुला आत्मा चिनाउन मिल्ने
विम्बहरू खोज्न
बनुलाँ तिम्रो माथिङ्गलले देख्ने
विवेकको ऋणात्मक विन्दु
फरक पर्नेछैन
मलाई रत्तिभर
रातोलाई कालो
बाङ्गोलाई सोझो
सोझोलाई बाङ्गो देख्ने
हृदय छैन मसँग
गास खोसेर अर्कोको
आन्द्रा तन्काउने
मुटु छैन मसँग
तेर्स्याएर पछाडि धारे हात
अगाडि ज्यू हजुर गर्न पुग्दैन
मेरो कुनै तागत
बाँधेर आफ्नै आत्मालाई
अडिनै सक्दैन
मेरो सास
भीडहरूमा एक्लै उभिन सकुँला
तर आफैंलाई छोडेर भीडमा
रहनै सक्दिनँ म
समयको भुलभुलैयामा हराउँदा
कथ्न छोडुँला कथा
वाच्न छोडुँला कविता
छोडुँला रच्न गीत, गजल
तर
आत्माभित्र
एक थोपा घाम अडिदासम्म
एक टुक्का यो विकृत समाज
आँखामा मिसिदाँसम्म
यी कानहरूले
एक मुठ्ठी ध्वनि खोट्याउन सक्दा
यो मन निदाउन सक्नेछैन
यो मन बरबराउन छोड्नेछैन
यो मन बरबराउन छोड्नेछैन ।

## बंगलादेशको...

सोभियत संघको विघटनले यो फैलावटलाई अभूतपूर्व अवसर सिर्जना गऱ्यो भने सन् २००१ देखि शुरु भएको तथाकथित 'आतंकवादविरोधी युद्ध'ले कर्पोरेटहरूको शक्ति सुदृढ गर्न र भूराजनीतिक उद्देश्यका लागि शक्ति प्रयोग गर्न मार्गप्रशस्त गरिदियो । सन् १९७१ मा बंगलादेश स्थापना भएदेखि नै नवउदारवादी पासोमा पर्न शुरु भइसकेको थियो । विश्व बैंकको 'संरचनागत समायोजन कार्यक्रम' अन्तर्गत ठूला सरकारी/सार्वजनिक उद्योगहरूलाई निर्यातमुखी आर्थिक क्षेत्र, सपिङ मल र घरजग्गा कारोबारले विस्थापन गरे । निर्यामुखी गार्मेन्ट फ्याक्ट्रीहरू अर्थतन्त्रको मेरुदण्ड बने । कलकारखानामा स्थायी नोकरीको साटो अस्थायी रोजगार बनाइन थाल्यो । विप्रेषण नै वैदेशिक मुद्राको स्रोत बन्यो।

यो नवउदारवादी यात्राले बंगलादेशलाई निर्यातमुखी बनाइदियो । त्यही निर्भरताले बंगलादेशको अर्थतन्त्र खस्किँदै गएको विश्लेषण छ, राजनीतिक अर्थशास्त्री प्रभात पटनायकको । उनका अनुसार एकातिर बंगलादेशले निर्यात गर्ने गार्मेन्टको माग साँघुरिँदै गयो भने उसले आयात गर्ने सामग्रीको मूल्य बढ्दै गयो जसले वैदेशिक रकमको सञ्चिती घटाइदियो। परिणाम, कोभिड महामारीपछि खस्किन थालेको बंगलादेशको अर्थतन्त्र सन् २०२३ सम्म पुग्दा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)सँग ऋण सहयोग माग्ने अवस्थामा पुगिसकेको थियो ।

**पेचिलो आरक्षण**

अर्थतन्त्रमा आएको यो गिरावटको असर सामाजिक रुप बढी पऱ्यो किनभने बंगलादेशको आर्थिक वृद्धिको लाभ उच्च तहका केही व्यक्तिहरूमा सिमित थियो, सम्पत्ति र आयको वितरण हुन सकेको थिएन र बेरोजगारी दर बढिरहेको थियो (Ghosh, 2023)। असमानता र बेरोजगारीबाट आक्रोशित युवाहरूको आक्रोशमा घ्यू थप्ने काम गऱ्यो एउटा निश्चित समूहलाई दिइएको आरक्षणले । त्यो आरक्षण नीति बंगलादेश निर्माणका क्रममा भएको मुक्ति युद्धसँग जोडिन्छ । त्यसैले सन् १९७१ को मुक्ति युद्धको चर्चा प्रासंगिक बन्दछ ।

सन् १९४७ मा अंग्रेज शासित भारतको स्वतन्त्रतासँगै भारत र पाकिस्तान दुई देश बनाइयो । पाकिस्तान भने भारतको दुई तिर थियो पश्चिम पाकिस्तान भनिने वर्तमान पाकिस्तान र पूर्वी पाकिस्तान भनिने वर्तमान बंगलादेश । धार्मिक विभाजन, कहालीलाग्दो रक्तपात, हृदय विदारक बसाइसराइसँगै बनेका यी दुई देशबीचको सम्बन्ध शत्रुतापूर्ण हुनपुग्यो । आफूले दुश्मन ठानेको देश दायाँ र बायाँ चराका दुई पखेटासरी रहँदा भारतलाई छटपटी हुनु स्वाभाविक थियो । अर्कोतर्फ, स्वतन्त्र पाकिस्तानको यात्रा भारतको जस्तो आवधिक निर्वाचनहरूको निरन्तरतामा अडिएको लोकतान्त्रिक हुन सकेन । सैन्य शासनका र धार्मिक कट्टरताका कारण असन्तोषहरू सिर्जना भए । पूर्वी पाकिस्तानले सधैँ आफूलाई पश्चिम पाकिस्तानभन्दा फरक ठानिरह्यो, भाषा, संस्कृतिदेखि खेलसम्म (पश्चिम पाकिस्तानमा क्रिकेट लोकप्रिय थियो, पूर्वी पाकिस्तानमा फुटबल) । यो पृथकताबोधले बंगाली राष्ट्रियतामा आधारित स्वायत्त क्षेत्रको माग गरिरहेको थियो जसको राजनीतिक मञ्च थियो अवामी लिग । र, शेख मुजिबर रहमान (शेख मुजिब नामले परिचित) त्यसैका नेता थिए । सन् १९७० मा सम्पन्न पाकिस्तानको पहिलो आम निर्वाचनमा बहुमत पायो तर तत्कालीन पाकिस्तानी राष्ट्रपति यहया खानले निर्वाचन परिणामलाई बेवास्ता गर्दै संसद् अधिवेशन आह्वान नगरेपछि तत्कालीन पूर्वी पाकिस्तानमा आन्दोलन शुरु भयो । सन् १९७१ मार्चमा शेख मुजिब पक्राउ परे । पाकिस्तानी सेनाले गरेको चरम दमन प्रतिरोधका रुपमा सशस्त्र संघर्षमा परिणत भयो जसलाई भारतले खुला दिलले समर्थन मात्र होइन सहयोग पनि गऱ्यो । त्यो शीत युद्ध चुलिएको समय थियो र त्यसको पार्श्व प्रभावका रुपमा एशियाली भूगोल विभाजित भएको थियो । चीन र अमेरिका एउटा कित्तामा थिए जसको समर्थन पाकिस्तानलाई थियो । सोभियत संघ र भारत एक कित्तामा थिए जसको समर्थन बंगाली मुक्ति युद्धलाई थियो । पाकिस्तानी सेनाले पूर्वी पाकिस्तानमा दमन शुरु गरेपछि भारतले शुरुमा कूटनीतिक लडाइ शुरु गऱ्यो । जाडो महिना शुरु भएपछि, हिउँ पर्न थालेपछि, चिनियाँ सेना आउने बाटो बन्द भएपछि उसको सैन्य हस्तक्षेप पनि बढ्दै गयो (भारतकी तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीलाई रणनीतिकारहरूले जाडो महिनासम्म कुर्न सुझाएका नै थिए) । सोभियत संघसँग मित्रता गाँसेर शक्तिशाली भएको गान्धी सरकारले बंगाली मुक्ति सेनामा आफ्ना सेनाका नौजवानदेखि हतियारसम्मको सहयोग गरेर सशस्त्र संघर्ष चर्काइदिइन् (त्यतिवेला निर्वासनमा रहेको र पञ्चायतविरुद्ध सशस्त्र संघर्षको तयारी गरिरहेको नेपाली कांग्रेसले समेत हतियार सहयोग गरेको थियो, हेर्नुहोस् वीपी कोइरालाको 'आत्मवृतान्त') । सन् १९७१ को डिसेम्बरसम्म आइपुग्दा द्वन्द्व चुलियो । पाकिस्तानले पश्चिमी भारतमा शुरु गरेको युद्ध निष्प्रभावी भयो किनभने त्यसबारे पहिले नै आकलन गरेको भारतले पूर्वी पाकिस्तानमा नै युद्ध चर्काइदियो । पाकिस्तानलाई सघाउन अमेरिकाको सामुद्रिक सेनाको जहाज आउँदै गरेको र अर्कोतर्फ रुसी सेनाले प्रतिरोध गर्ने सम्भावना बढ्दै गएपछि देशभिको युद्ध क्षेत्रीय हुँदै विश्वसम्मै पुग्ने खतरा देखेर पाकिस्तानी सेनाका जर्नेलले आत्मसमर्पण गरे (त्यतिबेला अमेरिका र रुसी टकरावको राम्रो विश्लेषणका लागि) । परिणाम, १६ डिसेम्बर १९७१ मा बंगलादेश स्वतन्त्र देशका रुपमा स्थापित भयो जसलाई शीतयुद्धको सन्तान पनि भन्न सकिन्छ जसरी तिब्बतलाई शीतयुद्धको टुहुरो भनिन्छ (जोन केन्नेथ नसको पुस्तक नै छ( अर्फन्स अफ द कोल्ड वार) ।

सन् १९७१ मा नौ महिना चलेको त्यो मुक्ति युद्ध निकै सघन थियो जसमा हजारौं स्वतन्त्रता सेनानी संलग्न थिए । यातना पाउने पुरुष र बलात्कृत हुने महिला प्रशस्त थियो । उनीहरूको योगदानलाई कदर गर्दै सरकारी सेवामा आरक्षण दिने बन्दोबस्त गरियो । बंगलादेश निर्माणपछि सन् १९७२ मा 'बंगलादेश निजामति सेवा'मा लागू गरिएको आरक्षणको वर्गीकरण यसरी गरिएको थियो( ३० प्रतिशत स्वतन्त्रता सेनानीलाई, १० प्रतिशत स्वतन्त्रता संग्रामका समयमा प्रभावित महिलालाई र ४० प्रतिशत पिछडिएका जिल्लालाई । यस हिसाबले जम्मा

२० प्रतिशत सिटमात्र खुला प्रतिस्पर्धाका लागि बाँकी रहेको थियो (Star Digital Report, 2024). सन् १९७६ मा यो वर्गीकरणमा थोरै परिवर्तन गरेर पिछडिएका जिल्लालाई दिइएको आरक्षण २० प्रतिशतमा घटाइयो । ४० प्रतिशत सिट खुला प्रतिस्पर्धाका लागि रह्यो ।

सन् १९८५ सम्म आइपुग्दा स्वतन्त्रता संग्रामबाट प्रभावित महिलालाई छुट्याइएको आरक्षणमा दावी नै पर्न छोडेपछि त्यो आरक्षण सबै महिलाका लागि बनाइयो । साथै, पिछडिएका जिल्लालाई छुट्याइएको आरक्षण अझ घटाएर १० प्रतिशत बनाइयो भने आदिवासी समुदायका लागि पाँच प्रतिशत आरक्षण दिन शुरु गरियो । यस हिसाबले ४५ प्रतिशत सिट खुला प्रतिस्पर्धाका लागि रह्यो । सन् १९९७ सम्म आइपुग्दा आरक्षण दावी गर्ने स्वतन्त्रता सेनानीको संख्या निकै कम भइसकेको थियो । त्यो शेख हसिनाको पहिलो कार्यकाल थियो जसले स्वतन्त्रता सेनानीलाई छुट्याइएको आरक्षण तिनका सन्तानले पनि पाउने नयाँ व्यवस्था गरिन् । सन् २०१० मा अर्को संशोधनले त्यो आरक्षण स्वतन्त्रता सेनानीका नातिनातिना पुस्ताले पनि पाउने बनायो । सन् २०१२ मा आरक्षणको वर्गीकरणमा यस्तो परिवर्तन गरियोः ३० प्रतिशत स्वतन्त्रता सेनानीका नातिनातिनासम्मलाई, १० प्रतिशत महिलालाई, १० प्रतिशत पिछडिएका जिल्लालाई, ५ प्रतिशत आदिवासी समुदायलाई र १ प्रतिशत अपांगता भएकालाई । यसरी ५६ प्रतिशत सरकारी जागिर आरक्षणमा छुट्याइयो भने ४४ प्रतिशत सिटमात्र खुला प्रतिस्पर्धाका लागि रह्यो । सन् २०१८ मा स्वतन्त्रता सेनानीका सन्ततिलाई दिइएको आरक्षणविरुद्ध आन्दोलन भयो । यद्यपि त्यो आन्दोलन आरक्षण नीतिकैविरुद्ध नभई स्वतन्त्रता सेनानीका नातिनातिना पुस्ताले पनि आरक्षण पाउने बन्दोबस्तको विरुद्ध थियो (Alam, 2024) । त्यो असन्तोषको कारण थियो, सन् २००९ देखि निरन्तर सत्तामा रहेको शेख हसिनाको पार्टी अवामी लिगले कर्मचारीतन्त्रमा आफ्ना कार्यकर्ता भर्ती गर्ने अस्त्रका रुपमा आरक्षणलाई प्रयोग गरिरहेको थियो । स्वतन्त्रता संग्रामीको नक्कली सर्टिफिकेट बनाएर मन्त्री र उच्च तहका कर्मचारीहरूले दुरुपयोग गरिरहेको समाचार बारम्बार प्रकाशित हुन थालिसकेको थियो । तर, प्रधानमन्त्री शेख हसिनाको सरकारले सन् २०१८ मा सिंगो आरक्षण प्रणाली नै खारेज गर्ने निर्णय लियो । त्यस निर्णयको विरुद्ध स्वतन्त्रता संग्रामीका सन्ततिले उच्च अदालतमा मुद्दा दायर गरे । उक्त मुद्दामा सुनुवाई गर्दै उच्च अदालतले जून २०२४ मा आरक्षण जस्ताको तस्तै पुनःस्थापना गर्ने निर्णय सुनाएपछि पछिल्लो आन्दोलन शुरु भएको थियो ।

**बहसमा भूराजनीति**

बंगलादेशको पछिल्लो सत्ता परिवर्तनसँग पश्चिमा देशहरूको भूराजनीतिक चासोलाई जोडेर पनि केही विश्लेषकहरूले विश्लेषण गरेका छन् । त्यो विश्लेषणको केन्द्रमा छ बंगलादेशको अधिकार क्षेत्रभित्र पर्ने सेन्ट मरिन टापु । बंगालको खाडीको उत्तरपूर्वी खण्डमा रहेको तीन वर्ग किलोमिटर क्षेत्रफल भएको यो टापु बंगलादेशको कक्स बजारको किनारबाट ९ किलोमिटर दक्षिण र उत्तर-पश्चिमी म्यानमारबाट ८ किलोमिटर पश्चिममा पर्दछ । सन् २०१२ सम्म सेन्ट मर्टिन टापुको स्वामित्वबारे म्यानमार र बंगलादेशबीच भएको विवादलाई सन् २०१२ को 'इन्टरनेशनल ट्रिब्युनल फर द ल अफ द सी'ले टुंग्याएको थियो ।

सामरिक र आर्थिक शक्तिका रुपमा चीनको उदयसँगै संसारका विभिन्न कुनाहरूमा भइरहेको चीन र अमेरिकाबीचको टकरावको छाया यो टापुमा पनि परेको छ । चीनले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई)को नाममा हिन्द महासागरमा उपस्थिति बढाइरहेको भारतीय र पश्चिमाहरूको बुझाई छ । सन् २०२३ मा चीनले बंगलादेशलाई पहिलो सामुद्रिक सेनाको अड्डा बनाउन सघायो जसले बंगालको खाडीमा चिनियाँ पनडुब्बीहरू चल्नसक्ने सम्भावना बढायो (Bose & Mishra, 2024) । त्यसो त सामुद्रिक शक्तिमा चीनको सामर्थ्य साँच्चै नै बढ्दै गएको छ । अहिले चीनको सैन्य सेना संसारकै सबैभन्दा ठूलो हो । त्यसपछिमात्र अमेरिका, रुस र युरोपेली गठबन्धन आउँछ (The Economist, 2024)। अर्कोतर्फ संयुक्त राज्य अमेरिका पनि हिन्द(प्रशान्त क्षेत्रमा आफ्नो उपस्थिति बढाउन र चीनको प्रभाव कम गर्न चाहन्छ । त्यसो त शीतयुद्ध कालदेखि नै अमेरिका बंगालको खाडीमा आफ्नो उपस्थिति चाहन्छ । शीतयुद्धको अन्त्यपछि बहुपक्षीय सम्बन्धको युग शुरु भएसँगै अमेरिकाले आफ्ना क्षेत्रीय साझेदारहरूमार्फत गतिविधी शुरु गर्न थालेको थियो । त्यसै अनुरुप हिन्द महासागरमा भारतमार्फत सुदृढ हुने दिशामा ऊ बढ्यो । सार्कको असफलतासँगै हिन्द(प्रशान्त क्षेत्रमा क्वाड गठबन्धनको निर्माण भयो (अमेरिका, अष्ट्रेलिया, भारत र जापानको गठबन्धन) । तर, आफ्नै उपस्थिति बढाउन चाहेकाले अमेरिका सेन्ट मार्टिन टापुमा चौकी बनाउन चाहेको विश्लेषकहरूको अनुमान छ । सेन्ट मर्टिन टापुमार्फत बंगालको खाडीमा पहुँच पुग्दा वैश्विक व्यापारको लागि महत्त्वपूर्ण सामुद्रिक मार्गमा पनि नियन्त्रण हुने भएकाले यसको रणनीतिक महत्त्व बढेको हो ।

अवामी लिगको शासनको समर्थन गरे बापत अमेरिकाले सेन्ट मर्टिन टापु चाहेको हल्ला सन् २०२३ को जून महिनामा बंगलादेशमा फैलिएको थियो । पछि, अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले अमेरिकाले त्यस्तो कुनै प्रस्ताव नराखेको र गर्ने ईच्छा पनि नभएको जिकिर गरेका थिए । १९ जून २०२३ मा जातीय समाजतान्त्रिक दलका अध्यक्ष हसानुल हक इनुले अमेरिकाले भारतलाई कमजोर बनाउन बंगलादेशलाई मैदान बनाउन चाहेको धारणा राखेका थिए ।

सत्ता परित्याग गर्नभन्दा तीन महिनाअघि शेख हसिनाले बंगलादेशको भूभागभित्र एक देशले हवाई अड्डा बनाउने प्रस्ताव गरेको खुलासा गरेकी थिइन् । जनवरीमा सम्पन्न आम निर्वाचनलाई लिएर सिर्जना भएको विवादलाई साम्य पार्न 'एकजना श्वेत व्यक्ति'ले हवाई अड्डा बनाउने उक्त प्रस्ताव गरेको उनले उजागर गरेकी थिइन् । कुन देशको प्रस्ताव भनेर स्पष्ट नपारे पनि संयुक्त राज्य अमेरिका नै त्यो देश हुनसक्ने आम अनुमान गरिएको थियो ।

सबै घटनामा बाह्य शक्तिलाई नै प्रमुख ठान्ने दृष्टिकोणबाट यी सबै पृष्ठभूमीमा बंगलादेशको पछिल्लो आन्दोलन पश्चिमा शक्तिहरूको सिर्जना ठानिनु अस्वाभाविक होइन । तर, फेरि पनि उठ्ने प्रश्न हो- के कुनै निश्चित भूगोल र समाजमा हुने राजनीतिक परिवर्तनहरूमा बाह्य कारण नै प्रमुख हुन्छ ? उदाहरण अफगानिस्तान, इराकदेखि लिवियासम्मको दिन सकिन्छ । कतिपयले त सोभियत संघको विघटनमा नै अमेरिकाको प्रमुख भूमिका रहेको विश्लेषण गर्छन् ।

राजनीतिक परिवर्तनहरूमा बाह्य भूमिकालाई नै प्रमुख ठान्ने दृष्टिकोण विभिन्न कारणले स्वीकार्य हुन सक्दैन । कुनै पनि समाजले आफ्नो गन्तव्य आफ्नो विगतले सिर्जना गरेको चेतना, शक्ति संरचना र वर्तमान अन्तरविरोधहरूको आधारमा तय गर्छ । पक्कै पनि यस्तो परिवर्तनमा बाह्य प्रभावको भूमिका रहन्छ कतै उत्प्रेरकको रुपमा त कतै शक्तिको रुपमा । सन् १९२० देखि नेपाली राजनीतिमा शुरु भएको प्रजातन्त्रको जागरणमा बाह्य परिवर्तनहरूले उत्प्रेरकको भूमिका खेलेका थिए। इराक वा लिवियामा भने अमेरिकी सैन्य शक्ति नै एउटा प्रवर्गका रुपमा घुसेको थियो । तर, ती सबैका लागि घरेलु राजनीतिमा केही मैदान थिए । बाह्य कारकलाई नै प्रमुख ठान्दा घरेलु राजनीतिका अन्तरविरोधहरू ओझेल पर्छन् जसले वर्तमानको शक्ति संरचना नदेख्ने बनाइदिन्छ । परिणाम, भविष्यको गलत आकलन गर्ने जोखिम रहन्छ । सेन्ट मरिन टापुको भूराजनीतिक स्वार्थ होडकै कारण बंगलादेशमा सत्ता परिवर्तनको नाटक मञ्चन भएको थियो भन्ने हो भने भविष्यको बंगलादेशी राजनीति बुझ्ने ढोकाहरू बन्द हुन्छन् । त्यसो नगरौं ।

त्यसो भए बंगलादेशको भविष्य कस्तो छ त ? यो प्रश्नले भने हामीलाई वर्तमान बंगलादेशको विगत र आजका राजनीतिक शक्तिहरूबारे धेरथोर जानकारीको माग गर्छ ।

**अलमलिएको आरम्भ**

दोस्रो विश्वयुद्धपछि संसारैभर उपनिवेशवादविरोधी लहर चल्यो । एकपछि अर्का राज्यहरू स्वाधीन बने । तर, ती सबै समान रुपमा अघि बढ्न सकेनन् । ती राज्यहरूले सामना केही महत्त्वपूर्ण प्रश्नहरू सामना गर्नुपरेको थियो । पहिलो प्रश्न थियो, स्वाधीन राज्यको चरित्र कस्तो हुन्छ, प्रजातान्त्रिक वा साम्यवादी ? शीतयुद्ध चुलिँदै गरेको, संसारैभर प्रजातन्त्र र समाजवादको लहर चलेको त्यो समयमा जुनसुकै बाटो पछ्याउने राज्यले पनि अर्को बाटोलाई कुनै न कुनै हिसाबले अंगीकार गरे वा गरेको देखाए । भारतलाई बेलायती मोडलको राजनीतिक प्रणाली र पश्चिमा पूँजीवादी अर्थप्रणालीको पथमा डोऱ्याउँदा डोऱ्याउँदै पनि जवाहरलाल नेहरूले समाजवादी नीतिहरू पनि अंगीकार गरिरहे । साम्यवादी आन्दोलनको रुपमा आफ्नो आन्दोलनलाई स्थापित गर्दागर्दै पनि चीनका माओत्सेतुङले अगाडी नयाँ उपसर्ग थपेर भए पनि जनवाद (प्रजातन्त्र, डेमोक्रेसी) नै भन्नुपऱ्यो । आजपर्यन्त एकदलीय कट्टरपन्थको उदाहरण बनिरहेको उत्तर कोरियाले आफ्नो औपचारिक नाममा नै प्रजातन्त्र राख्नुपऱ्यो- प्रजातान्त्रिक जनगणतन्त्र कोरिया ।

स्वाधीन राष्ट्रहरूले सामना गर्नुपरेको अर्को चुनौती थियो, जनआकांक्षाको सम्बोधन । लामो औपनिवेशिक शासनको दमन र शोषणबाट थिचिएका जनसमुदायको विशाल आकांक्षा पक्कै पनि एकैपटक सम्बोधन हुँदैनथ्यो । अर्कोतर्फ, औपनिवेशिक सपनाहरूले जीवनको भाष्य नै बदलिसकेका थिए । आखिर एनिवल क्वियानोले विश्लेषण गरेजस्तै औपनिवेशिकताको इतिहास हाम्रा सपनाहरूको पनि औपनिवेशीकरणको इतिहास हो (Quijano, 2007) । त्यसका लागि बलियो संस्था, दूरदर्शी, क्षमतावान र प्रतिबद्ध नेतृत्व तथा त्यसलाई सघाउने स्थायी सत्ता चाहिन्थ्यो । लामो सशस्त्र संघर्ष र ठूलो बलिदानीमार्फत पुरानो राज्य संयन्त्रलाई ध्वस्त पारेर स्थापित भएकाले चिनियाँ कम्युनिष्ट पार्टीले चीनलाई आफूले चाहेको पथमा डोऱ्याउने गरी शक्ति सुदृढीकरण गरिसकेको थियो । भारतीय स्वतन्त्रता संग्राम भने पुरानो राज्य संयन्त्रलाई ध्वस्त पारेर भन्दा पनि बेलायती शासकहरूले सुदृढ बनाइदिएको राज्य प्रणालीमा सत्ता हस्तान्तरणमा परिणत भएको थियो । त्यसैले नै स्वतन्त्रता संग्रामका सर्वोच्च नेता र मार्गदर्शकका रुपमा स्थापित भए पनि महात्मा गान्धीले परिकल्पना गरेको स्वराजको मार्गमा भारत हिँडेन । पाकिस्तानका राष्ट्रपिता एवं परिकल्पनाकार मुहम्मद अलि जिन्नाको शिघ्र निधन भएकाले र त्यही तहका अरु राजनीतिक नेताहरू नभएकाले भारतभन्दा एक दिन अघि स्वतन्त्र भए पनि त्यस देशको स्वाधीनताको यात्रा चीन र भारतको भन्दा पृथक सैन्य शासनको बाटो भएर हिँड्यो । यस्ता अभ्यासहरूले देखाए, कुनै पनि स्वाधीन राष्ट्रहरूले स्वाधीनताको समयमा र त्यसभन्दा पहिलेदेखि राजनीतिक वर्चस्व राखिरहेका विभिन्न राजनीतिक र सैन्य शक्तिहरूको व्यवस्थापन गर्न सकेनन् भने स्वाधीनता आम जनताको मुक्तिको सपना नबन्दोरहेछ । राजनीतिक व्यवस्थापन सँगै राजकीय संस्थाहरूको निर्माण र सुदृढीकरण पनि नवनिर्मित राष्ट्रहरूको अर्को चुनौती थियो । पुरानो कर्मचारी तन्त्रलाई नयाँ स्वरुपमा कसरी रुपान्तरण गर्ने ? नयाँ प्रजातान्त्रिक संस्थाहरू कसरी स्थापना गर्ने र त्यसका लागि आवश्यक सक्षम एवं प्रतिबद्ध जनशक्ति कसरी जुटाउने ? तिनको नियमन र सञ्चालन गर्ने क्षमता राजनीतिक तहमा हुनुपर्ने आवश्यकता अर्को ठूलो चुनौती थियो । बंगलादेश यी चुनौतीबाट पर थिएन ।

मुक्ति युद्धको सफलतापछि बंगलादेशले राज्य निर्माण र संरचना पुनःनिर्माणको चुनौती सामना गर्नुपऱ्यो । तर, ऊसँग कमजोर कर्मचारीतन्त्र, विभाजित सेना र खस्किएको अर्थतन्त्र थियो । अर्कोतर्फ भारतीय प्रभुत्वको भय तथा अन्तर्राष्ट्रिय समर्थन एवं आर्थिक सहयोगको अन्यौल पनि त्यत्तिकै थियो । त्यसैले शेख मुजीब लगायतका नेताहरू केन्द्रीकृत निर्णय प्रणाली तथा शक्ति सुदृढीकरणमा केन्द्रीत भए ।

१० जनवरी १९७२ मा पाकिस्तानबाट मुक्त भएर बंगलादेशसम्म आउँदा शेख मुजीबले धर्मनिरपेक्ष, लोकतान्त्रिक र समाजवादी राज्य निर्माण गर्ने महत्त्वाकांक्षा बोकेका थिए । सन् १९७३ को पहिलो आम निर्वाचनमा अवामी लिगले बहुमत ल्यायो । शेख मुजीबको सरकारले भने एकैपटक धेरै चुनौती समाना गर्नुपऱ्यो । 'नेसनल सोसलिस्ट पार्टी' र 'नेसनल अवामी पार्टी' जस्ता समाजवादी वामपन्थी पार्टीहरूले सरकारले खासगरी मजदूर, किसानको आवश्यकता सम्बोधन गर्न नसकेको आरोप लगाए । केही उग्रवामपन्थी दलहरूले शेख मुजीबको पूँजीवादी शासन उन्मूलन गर्न सशस्त्र संघर्षको प्रयास पनि गरे । केही राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्तिहरूले भने शेख मुजीबको समाजवाद र राज्य नेतृत्वको आर्थिक योजनाको अभ्यासकै आलोचना गरे । बंगलादेश सोभियत संघ निकट नभई अमेरिकी पक्षधर हुनुपर्छ भन्ने उनीहरूको मत थियो । त्यस्तै शेख मुजीबले सामना गर्नुपरेको अर्को चुनौती बंगाली राष्ट्रवाद पनि थियो । मुजिबको बंगाली राष्ट्रवादको अवधारणाप्रति दुईथरी समूह असन्तुष्ट थिएः अल्पसंख्यक गैरबंगाली अल्पसंख्यक एवं इस्लाम राष्ट्रका समर्थक कट्टरपन्थीहरू । यी र बाढी तथा भोकमरीजस्ता प्राकृतिक चुनौतीका बावजुद शेख मुजीबले बंगलादेशमा राजनीतिक स्थिरतालाई जोड दिएका थिए । शेहबुद्दीनका अनुसार यो राजनीतिक स्थिरताका पनि दुईवटा चुनौती थिएः कर्मचारीतन्त्र र सेना । मुक्ति युद्धताका शरणार्थी अवस्थामा स्थापित सरकारमा काम गरेका र नगरेका कर्मचारीबिच कर्मचारीतन्त्रभित्र विभाजन थियो। शेख मुजीब सरकारसँग सन्तुष्ट र असन्तुष्ट गरी सेनामा पनि विभाजन थियो । मुजीब सरकारले बंगलादेशको मुक्तिका लागि लडेका सैनिक अधिकारीहरूलाई सम्मान गर्दै पदोन्नती गरेको थियो । जसले गर्दा मुक्ति युद्धताका पश्चिम पाकिस्तानको समर्थन गरेका तर पछि बंगलादेशलाई समर्थन गरेका सैनिक अधिकारीहरूमा असन्तुष्टि सिर्जना भएको थियो । त्यस्तै मुजीब सरकार भारत निकट थियो भने सेनाका अधिकारीहरू त भारतलाई शत्रु मान्ने प्रशिक्षणबाट दिक्षित थिए । त्यसले पनि सेनामा मुजीब सरकारप्रति असन्तुष्टि सिर्जना गरेको थियो ।

यी सबै चुनौतीका बावजुद शेख मुजीबले शक्ति केन्द्रित गर्ने प्रयास गरे । संसद्‌मा रहेको अवामी लिगको प्रभुत्वको उपयोग गर्दै जनवरी १९७५ मा शेख मुजीबले संविधान संशोधन गर्दै राष्ट्रपति प्रणाली लागू गरे, अरु राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाए भने सबै नागरिकलाई एउटै राष्ट्रिय पार्टी बक्सल (बंगलादेश कृषक श्रमिक अवामी लिग)मा आबद्ध हुन आह्वान गरे । एक दलीय राष्ट्रपति प्रणालीले राष्ट्रिय एकता कायम गर्छ र राजनीतिक प्रतिद्वन्द्विता नष्ट गर्छ भन्ने उनको तर्क थियो ।

शेख मुजीबको यो एक दलीय प्रणाली निर्माण गर्ने प्रयत्नले राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै राजनीतिक वृत्तमा उनीप्रति आक्रोश र अविश्वास सिर्जना गऱ्यो । शीतयुद्धको त्यो समयमा एक दलीय शासन प्रणालीको अभ्यासले समाजवादविरोधी शक्तिहरूलाई एक ठाउँमा ल्याइदियो । उक्त संविधान संशोधनको आठ महीनापछि १५ अगस्ट १९७५ मा सेनाका अधिकारीहरूले शेख मुजीब र उनको परिवारका सदस्यको हत्या गरे । उनका दुई पुत्रीहरू शेख हसिना र उनकी बहिनी शेख रिहाना देश बाहिर भएकैले बँच्न सफल भए । यो सैन्य कूसँगै तत्कालीन कार्यकारी सेना प्रमुख जियाउर रहमानको पदोन्नति भयो । उनी सेना प्रमुख भए । नोभेम्बरमा पुनः मुजीब पक्षधरहरूले समाजवादविरोधी शक्तिसँगबाट शासन फिर्ता ल्याउने प्रयास गरे पनि त्यो असफल भयो । त्यसको असफलतासँगै अवामी लिगका चारजना शीर्ष नेता मारिए । तीन महिनाभित्र शेख मुजिब र तजुद्दीन अहमदजस्ता राजनीतिज्ञहरू मारिए । त्यो सैन्य कूसँगै १५ वर्षसम्म बंगलादेशको राजनीतिक मञ्चमा सेनाले प्रभुत्व जमाइरह्यो (Shehabuddin, 2016)। जियाउर रहमानले अरु क्रान्तिकारी वामपन्थीहरूको हत्या गरे । र, क्रमशः बंगलादेशमा वामपन्थी शक्ति कमजोर हुँदै गयो । क्रमैसँग बंगलादेशको राजनीतिमा सैन्य शक्ति हावी हुनथाल्यो ।

**धर्म राजनीति, सेना र हत्या शृंखला**

सन् १९७५ देखि १९९० सम्म बंगलादेशले दुईवटा सैनिक शासकको शासन खप्योः जियाउर रहमान (१९७५(१९८१) र हुसैन मुहम्मद इरशाद (१९८२(१९९०) । दुवै नेताहरूले आफ्ना निर्णयहरूलाई वैधता दिन संविधान संशोधन गरे । साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय समर्थन पाउन इस्लामिक कट्टरतालाई स्थान दिए । जियाउर रहमानले धर्मनिरपेक्षताको साटो 'अल्लाहप्रति पूर्ण विश्वास र आस्था'को स्थापना गरे । इरशादले त्यसबाट पनि एक कदम अघि बढेर इस्लामलाई राष्ट्रिय धर्म घोषणा गरे । सन् १९७० र १९८० का दशकहरूमा दुवै शासकहरूले क्रमशः राज्य सञ्चालित उद्योगहरूको नीजिकरणजस्ता नवउदारवादी नीतिहरू अवलम्बन गरे । नीजिकरणका माध्यमबाट उनीहरूले आफू निकटका व्यक्तिलाई राज्यका स्रोतहरूको वितरण गरेर आसेपासे पूँजीवाद (क्रोनी क्यापिटलिज्म) सुदृढ पारे । आफ्नो शक्ति मजबूत बनाइरहन दुवै नेताहरूले विदेशी सहयोग र विकासे गतिविधीमा जोड दिए (Shehabuddin, 2016, pp. 20-21)।

दुवै सैनिक शासकले आफूलाई प्रजातान्त्रिक देखाइरहन संसदीय निर्वाचन पनि गरे तर आफूले जित्नेगरी सदृढ भएपछि मात्रै । जियाउर रहमानले अवामी लिगसँग प्रतिस्पर्धा गर्न सन् १९७८ मा बंगलादेश नेशनल पार्टी (बीएनपी) स्थापना गरे । बीएनपी र अवामी लिग दुवैसँग प्रतिस्पर्धा गर्न इरशादले जनवरी १९८६ मा जातिय पार्टी स्थापना गरे । जियाउरको नेतृत्वमा सन् १९७९ फेब्रुअरीमा र इरशादको नेतृत्वमा मे १९८६ र मार्च १९८८ मा संसदीय निर्वाचन भएको थियो । सन् १९८१ मा केही सैनिक अधिकारीहरूले जियाउरको हत्या गरे । त्यसपछि सत्ता सम्हालेका उपराष्ट्रपति अब्दुस सत्तारले तुरुन्तै संसदीय निर्वाचन आह्वान गरे । बीएनपीका उम्मेदवारको रुपमा उनी निर्वाचित भए । तर, २४ मार्च १९८२ मा पुनः तत्कालीन सेना प्रमुख हुसैन मुहम्मद इरशादले रक्तपातविहीन कू गरी शासन हत्याए । इरशादको शासनकालमा बंगलादेशको राजनीतिक रंगमञ्चमा एक नयाँ अभ्यास पनि भयो । सत्तासीन शासकविरुद्ध राजनीतिक दलहरूले सहकार्य गर्न थाले । सन् १९८३ मा अवामी लिग (एएल) र बंगलादेश नेशनल पार्टी (बीएनपी) ले संयुक्त रुपमा इरशादविरुद्ध संघर्ष शुरु गरे । सन् १९८४ मा उनीहरूले जमात(ए(इस्लामी (जेआई)लाई पनि आन्दोलनमा सहभागी गराए । सन् १९८६ को आम निर्वाचन बीएनपीले बहिस्कार गऱ्यो तर एएल र जेआईले भाग लियो । यद्यपी निर्वाचनमा इरशाद नेतृत्वको पार्टी जनता पार्टी (जेपी)ले बहुमत हासिल गऱ्यो । एएलले संसद् बहिस्कार गरेर पुनः इरशादविरोधी आन्दोलनमा भाग लियो । सन् १९८८ को आम निर्वाचन यी तीनवटै पार्टीले बहिस्कार गरे । सन् १९८८ मा इरशादले इस्लामलाई बंगलादेशको राष्ट्रिय धर्म घोषणा गरे । अक्टोबर १९९० मा बीएनपी र एएलका विद्यार्थी संगठन सहित अरु विद्यार्थी संगठनहरूले एकताबद्ध रुपमा इरशादको राजीनामा र चुनावी सरकारको नेतृत्वमा आम निर्वाचनको माग गर्दै आन्दोलन थाले । २७ नोभेम्बर १९९० मा एक चिकित्सकको हत्यापछि अरु पेशाकर्मीहरू पनि आन्दोलनमा सहभागी भए । पुनः सैन्य कानून (मार्सल ल) लागू गर्न सेना स्वंय तयार नभएपछि ४ डिसेम्बर १९९० मा इरशादले राजीनामा दिए । चुनावी सरकारले नयाँ संसदीय निर्वाचन गऱ्यो ।

**लोकतन्त्रको पुनरागमन र विवाद**

सन् १९९१ फेब्रुअरीमा भएको निर्वाचनमा बंगलादेश नेशनल पार्टी (बीएनपी) र अवामी लिग (एएल)ले लगभग समान मत हिस्सा ओगटे पनि (क्रमशः ३०.८१ र ३०.०३) बीएनपीको सिट संख्या अवामीको भन्दा बढी थियो । कूल ३०० निर्वाचन क्षेत्रमध्ये बीएनपीले १४० र अवामी लिगले ८८ स्थानमा जित हासिल गरेका थिए । कट्टरपन्थी जमात-ए-इस्लामीको सहयोगमा बीएनपीले संसद्‌मा बहुमत पुऱ्यायो । बीएनपीकी खलिदा जिया प्रधानमन्त्री भइन् । बीएनपी राष्ट्रपति प्रणाली पुनःस्थापना गर्न चाहन्थ्यो तर अवामी लिग भने संसदीय व्यवस्थाको पक्षमा थियो । अन्ततः संविधान संशोधनमार्फत् संसदीय प्रणाली र राष्ट्रपतिको बेग्लै निर्वाचन गर्ने व्यवस्था गर्न बीएनपी तयार भयो । १५ वर्षको सैन्य शासनपछि पुनः बंगलादेशमा लोकतन्त्रको आधारभूत शर्त आवधिक निर्वाचन स्थापित भयो । १९९६ को निर्वाचनमा अवामी लिगले बहुमत हासिल गऱ्यो । शेख हसिना प्रधानमन्त्री भइन् । सन् २००१ को निर्वाचनमा पुनः बीएनपी निर्वाचित भयो ।

यो सिंगो प्रक्रियामा निर्वाचनको निष्पक्षता र चुनावी सरकारको बहस सधैँ विवादको मूल विषय बनिरह्यो । बंगलादेशको राजनीतिक इतिहासमा चुनावी सरकार (केयर टेकर गभरमेन्ट) नौलो अभ्यास होइन । निष्पक्ष चुनावी सरकारको आवश्यकताबारे बंगलादेशको राजनीतिक मञ्चमा सधैँ पक्ष, विपक्षबाट बहस हुने गरेको छ । राजनीतिक दलहरूले सत्तामा रहँदा चुनावी सरकारको प्रणाली अलोकतान्त्रिक भएको टिप्पणी गर्ने तर प्रतिपक्षमा हुँदा त्यसका लागि सयौँ ज्यान गुमाउन पनि तयार हुने द्वैध चरित्र देखाउने गरेका छन् (Shehabuddin, 2016, p. 23) । सन् १९९४ मा तत्कालीन सत्ताधारी दल बीएनपीले उपनिर्वाचनहरूमा धाँधली गरेको आरोप लगाउँदै प्रमुख प्रतिपक्षी अवामी लिगले १९९६ को आम निर्वाचन चुनावी सरकारले गराउनुपर्ने माग राख्दै आन्दोलन शुरु गऱ्यो । बीएनपीले चुनावी सरकारको माग असंवैधानिक भएको भन्दै आफ्नै नेतृत्वमा फेब्रुअरी १९९६ मा संसदीय निर्वाचन गरायो जसलाई अवामी लिगले बहिष्कार गऱ्यो । नागरिक समाज, व्यवसायी र कर्मचारीतन्त्रबाट समेत विरोध भएपछि बीएनपीले संसद्‌बाट संविधान संशोधन गराई चुनावी सरकारका निम्ति सत्ता छोडिदियो । जुन १९९६ मा चुनावी सरकारले गराएको निर्वाचनमा अवामी लिगले बहुमत पायो । अवामी लिगले आफ्नो पाँच वर्षे कार्यकालको अन्त्यमा चुनावी सरकारलाई सत्ता छोडिदियो । उक्त चुनावी सरकारले सन् २००१ मा गराएको निर्वाचनमा बीएनपी नेतृत्वको जेएल समेत सहभागी गठबन्धनले जित्यो ।

**सैन्य हस्तक्षेप र अवामी लिगको वर्चस्व**

सन् २००७ जनवरीमा अर्को संसदीय निर्वाचन हुने मिति तय गरिएको थियो । बीएनपीले चुनावी सरकारलाई सत्ता छोडे पनि उसले आफू अनुकूलको सरकार बनाएको भन्दै विरोध शुरु भयो । चुनावी गठबन्धनका प्रमुख सल्लाहकार (प्रधानमन्त्री) बीएनपीप्रति निष्ठावान भएको भन्दै अवामी लिगले आन्दोलन गऱ्यो । यो राजनीतिक अन्यौलले सैन्य हस्तक्षेपका लागि बाटो खुल्यो । ११ जनवरी २००७ मा सेनाले हस्तक्षेप गरेर कर्मचारीतन्त्रको चुनावी सरकार स्थापना गरिदियो । उक्त चुनावी सरकारले निर्वाचन पनि पछि साऱ्यो । त्यतिमात्र नभई भ्रष्टाचारविरोधी अभियानका नाममा शेख हसिना र खलिदा जियालगायतका मुख्य राजनीतिक व्यक्तित्वहरूलाई थुन्यो । चुनावी सरकारको दुई वर्षे कार्यकालले सिर्जना गरेको असन्तुष्टि चुनावमा पोखियो ।

» क्रमश....


## डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

मेरो स्व. बुबा जंग बहादुर खड्का (क्षेत्री) को निम्न विवरण भएको डिस्चार्ज सर्टिफिकेट यहि मिति २०८१/०७/२२ तपाहदेखी वनवाटिका आउँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

| | |
|---|---|
| निवेदक | : बेलबहादुर खड्का (छोरा) |
| ठेगाना | : तिलोत्तमा नं. २, तपाह नमुना पथ |
| 4/7 GR No | : 5035499 |
| सम्पर्क | : ९८५७०३५८५८ |

## सच्चाईको सूचना ।

दैनिक लुम्बिनी पत्रीकामा मिति २०८१ /०८/२७ गते बिहीबार प्रकाशित श्री मिलमिले जुरेढुङ्गा सामुदायिक वन उपभोक्ता समूहको काठ लिलाम सम्बन्धी सूचनामा ६२२/५८ घ. फिट हुनपर्नेमा र श्री मिलमिले हुनुपर्नेमा अन्यथा भएकोले सच्चाइएको छ ।

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# न्यू होराइजनमा विद्यालयस्तरीय दोहोरी गीत प्रतियोगिता




बुटवल । न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलको आयोजनामा दोस्रो विद्यालयस्तरीय दोहोरी गीत प्रतियोगिता सम्पन्न भएको छ। १० वटा विद्यालयले प्रतिस्पर्धा गरेको प्रतियोगितामा जगन्नाथ मावि प्रथम भएको छ।

यस्तै न्यू होराइजन मावि बुटवल दोस्रो, शान्ति नमूना मावि मणिग्राम तेस्रो र सगरमाथा मावि देवदह सान्त्वना भएका छन् ।

विजेता टिमले क्रमशः १५ हजार, १२ हजार, ९ हजार र ६ हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

कार्यक्रम उद्घाटन गर्दै राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान नेपालकी केन्द्रीय अध्यक्ष रिता थापाले निजी क्षेत्रको विद्यालयले नेपालको मौलिक कला संस्कृतिको संरक्षण र कलाकार उत्पादन गर्न टेवा पुग्ने गरी दोहोरी गीत प्रतियोगिता आयोजना गर्नु सराहनीय काम भएको बताइन् ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र कसजू, कोषाध्यक्ष रामेश्वर श्रेष्ठ, प्रिन्सिपल लोकनाथ उपाध्यायलगायतले बोल्दै न्यू होराइजनले शैक्षिक क्रियाकलापसंगै संगीत, कला, साहित्य जस्ता विधामा पनि विद्यार्थीका प्रतिभा प्रष्फुटनका लागि पनि ठूलो लगानी गरिरहेको बताए ।

विद्यालय तहका विद्यार्थीबिच लोक दोहोरी प्रतियोगिता आयोजना गर्ने न्यू होराइजन लुम्बिनी प्रदेशमै पहिलो निजी विद्यालय भएको भन्दै उनीहरुले प्रतियोगिता सम्पन्न गर्न खर्चिलो र चुनौतिपूर्ण भएपनि निरन्तरता दिइएको बताए ।

कार्यक्रममा उपप्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठ, कार्यक्रम संयोजक कल्पना पाण्डे, शिक्षकहरु हरिप्रसाद पौडेल, मिलन रानालगायतले आफ्ना भनाई राखेका विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्यालले जानकारी दिए । विद्यार्थीको दोहोरीमा शिक्षक र विद्यार्थी छमछमी नाचेर मनोरन्जन लिएका थिए ।

# साना किसान कृषि सहकारी केरवानीको साधारणसभा



देवदह मंसीर । साना किसान कृषि सहकारी केरवानीको २४औं वार्षिक साधारण सभा तथा ९औं अधिवेशन सम्पन्न भएको छ । संस्थाका अध्यक्ष शिवधारी अहिरको अध्यक्षता र राष्ट्रिय सहकारी महासंघका सञ्चालक टिका गौतमको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

सो अवसरमा बोल्दै राष्ट्रिय सहकारी महासंघका सञ्चालक गौतमले साना किसान कृषि सहकारी संस्थाले ३० प्रतिशत कृषि क्षेत्रमा लगानी गर्न आवश्यक रहेको औंल्याए । उनले साना किसान सहकारीले किसानलाई लक्षित गर्दै योजना अगाडि बढाउनु पर्नेमा जोड दिए। कृषि सहकारी संघ रुपन्देहीका अध्यक्ष समेत रहेका गौतमले साना किसान सहकारी संस्था उत्पीडनमा परेको बताउँदै सहकारीबाट ऋण लिएर नतिर्ने प्रवृत्ति बढेर गएको बताए । उनले सहकारीहरुले कार्यविधि बनाएर मात्र खर्च गर्नुपर्ने बताउँदै त्यसो नगरे बेरुजु देखिने बताए । उनले कृषकहरुले जम्मा गरेको रकमको सुरक्षा गर्ने जिम्मेवारी सञ्चालक रहेकोले सहकारीका सञ्चालकहरु इमान्दारसँगै आर्थिक पारदर्शिता देखाउनु पर्नेमा जोड दिए । उनले सहकारीहरु आफ्नो मर्मअनुसार चल्नु पर्ने बताउँदै उत्पादन वृद्धि गर्नको लागि कृषिलाई प्रवर्द्धन गर्नुपर्ने जनाए ।

कार्यक्रममा देवदह नगरपालिका-२, का वडाध्यक्ष दलबहादुर राकासकोटी, देवदह-४, का वडाध्यक्ष दमननाथ रेग्मी, साना किसान लधुवित्त वित्तीय संस्था बुटवलका शेरबहादुर चौधरी, किसान बहुद्देश्यीय सहकारी संस्थाका मोहन गिरी, रेडियो देवदहका अध्यक्ष झविन्द्रप्रसाद पाण्डेलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

सोही अवसरमा पूर्व सञ्चालक, जेष्ठ नागरिक, उत्कृष्ट कृषकलाई सम्मान गरिएको थियो । संस्थाको ९औं अधिवेशनले दिपक पौडेलको अध्यक्षतामा नयाँ सञ्चालक समिति गठन गरेको छ। जसको उपाध्यक्षमा मुरारी पाण्डे, सदस्यहरुमा शिवधारी अहिर, लक्ष्मी शर्मा, रामु गिरी, चन्द्रिका कठहरिया थारु, यशोदा गैरे, लक्षु न्यौपाने, पिताम्बर न्यौपाने रहेका छन् । यसैगरी लेखा संयोजकमा कृष्णप्रसाद अर्याल, सदस्यहरुमा जमुना शर्मा, विष्णु भारती रहेका छन् । संस्थाका उपाध्यक्ष चन्द्रिका कठहरिया थारुको स्वागत र व्यवस्थापक सीता अधिकारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# दुनाटपरी बेचेर स्वरोजगार बन्दै दाङका महिला



देउखुरी (दाङ) । यहाँका महिला स्थानीय वनमा पाइने सालका पात उपयोग गरी स्वरोजगार भएका छन् । दुनाटपरी बेचेर उनीहरू आर्थिक रूपमा सबल पनि भएका छन् ।

घोराही उपमहानगरपालिका - १२ डाँडागाउँका सात जनाले उद्यमशील दुना टपरी महिला समूह गठन गरेर यन्त्रका माध्यमबाट दुनाटपरी तयार गर्न थालेका हुन् ।

सोसेक नेपाल नामको संस्थाले मेसिनबाट दुनाटपरी बनाउने तालिम दिएर मेसिन राख्ने घर बनाइदिएपछि गत भदौदेखि व्यावासायिक रुपमा दुनाटपरा बनाएर बेच्न थालेको समूहका अध्यक्ष पुष्पा चौधरीले बताइन् ।

सोही समूहकी सदस्य सुशीला चौधरीले घर नजिकै खजुरी सामुदायिक वनको पात आफ्नो आर्जनको माध्यम बनेको बताउँछिन् । उनले भदौयता दुई हजार दुनाटपरी बिक्री गरेर रु १० हजार आम्दानी गरेको बताइन ।

उनीमात्र होइन उनको समूहका सबैले यन्त्र प्रयोग गरेर दुनाटपरी बनाउने गरेका छन् ।

सोसेकका जिल्ला संयोजक द्रोण जिसीले विपन्न, केही गरौं भन्ने सोंच भएका महिलालाई छनोट गरेर सीपमूलक तालिम दिएको बताइन् । महिला सशक्तीकरण कार्यक्रमअन्तर्गत सीपसहितको बीउपुँजी पनि उनीहरूलाई प्रदान गरिएको छ ।

घोराही उप-महानगरपालिका उप-प्रमुख हुमा डिसीले महिलालाई आत्मनिर्भर बनाउन पालिकाले हरसम्भव प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरिन ।

# ९६ जना स्काउट दिक्षित



बुटवल । बुटवल उपमहानपालिका वडा नम्बर १० मा रहेको कालिका मानवज्ञान माविमा प्रथम स्काउट दिक्षित कार्यक्रम गरिएको छ ।

स्काउटको मूल्य मान्यताअनुसार पूर्णरुपमा तालिम लिएका ९६ जना विद्यार्थीहरु शुक्रबार दिक्षित भएका हुन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यनन्द ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक लोकराज घिमिरेले स्वागत मन्तव्य राखेका थिए ।

नेपाल स्काउट लुम्बिनी प्रदेश अध्यक्ष दिनानाथ भट्टराईको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कालिका मानवज्ञान माविका प्रधानाध्यापक दिनेश थापा र बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख तथा कालिका मानज्ञान माविका प्रमुख सल्लाहकार घनश्याम पाठकको को विशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रममा लुम्बिनी प्रदेश स्काउट सदस्यचद्रिका गौतम भट्टराई, युवा स्काउट सुशील मरासिनीलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै विद्यालयका प्रधानाध्यापक दिनेश थापाले स्काउटको मूल्य मान्यताअनुसार अगाडि बढ्नको लागि विद्यार्थीहरुलाई सल्लाह, सुझाव दिएका थिए । कार्यक्रमको सञ्चालन शिक्षक राजेन्द्र रेग्मीले गरेका थिए ।










सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com